# शुद्धोधन राजपत्र

शुद्धोधन गाउँपालिकाद्धारा प्रकाशित

खण्डः १ शुद्धोधन, जेठ ४ गते, २०७५ साल  संख्याः ३

## भाग–१

## शुद्धोधन गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, लवनी, कपिलवस्तु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ उपदफा (१) बमोजिम शुद्धोधन गाउँपालिकाको गाउँसभाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## संवत २०७५ सालको ऐन नं. ३
## ऐनको नाम : शुद्धोधन गाउँपालिका शिक्षा ऐन, २०७५

**प्रस्तावना :** नेपालको संविधानको अनुसुची ८ र ९ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई तोकिएको अधिकार क्षेत्रभित्रका विषयमा आवश्यक कानुन बनाई शिक्षा सम्बन्धि कार्यविधि नियमित गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को

दफा १०२ को उपदफा (१) बमोजिम शुद्धोधन गाउँपालिका को गाउँसभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

१) यो ऐनको नाम शुद्धोधन गाउँपालिका शिक्षा ऐन , २०७५ रहेको छ ।

२) यो ऐन शुद्धोधन गाउँपालिका क्षेत्रभित्र तुरुन्त लागु हुनेछ ।

**२. परिभाषा** : विषय वा प्रसङगले अर्को अर्थ नलागेमा यस ऐनमा,

क) “ऐन” भन्नाले शुद्धोधन गाउँपालिका शिक्षा ऐन, २०७५ सम्झनुपर्दछ ।

ख) “कार्यपालिका” भन्नाले गाउँ कार्यपालिका सम्झनुपर्दछ ।

ग) “गाउँपालिका” भन्नाले शुद्धोधन गाउँपालिका सम्झनुपर्दछ ।

घ) “सभा” भन्नाले संविधानको धारा २२२ बमोजिमको गाउँसभा सम्झनुपर्दछ ।

ङ) “संविधान ” भन्नाले नेपालको संविधानलाई सम्झनुपर्दछ ।

**३. नियम बनाउने अधिकार :**

१) नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम गाउँपालिकालाई तोकिएका अधिकार क्षेत्रभित्रका विषयमा तोकिएको कार्य जिम्मेवारी निर्वाह गर्न अपनाउनु पर्ने कार्यविधि नियमित गर्नको निमित्त शुद्धोधन गाउँपालिका आवश्यक नियम बनाउन सक्नेछ।

२) उपदफा (१) बमोजिम नियम बनाउँदा संघीय तथा प्रदेश कानुन बमोजिम स्थानीय तहको क्षेत्राधिकार भित्र पर्ने विषयमा मात्र बनाउनु पर्नेछ ।

**४. निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने :** संविधान, ऐन  तथा यस ऐन अन्तर्गत बनेको नियमावलीको अधिनमा रही शुद्धोधन गाउँपालिका, गाउँ कार्यपालिकाले आवश्यकता अनुसार निर्देशिका, कार्यविधि र मापदण्ड बनाई लागु गर्न सक्नेछ ।

आज्ञाले<br>
**प्रेम प्रसाद पोखरेल**<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
शुद्धोधन गाउँपालिका, लवनी, कपिलवस्तु